# राष्ट्रिय दलित आयोगको गठन र संचालन सम्बन्धी व्यवस्था: २०६४

१. **आयोगको स्थापना :**

क) नेपाल सरकारले दलित वर्गको उत्थान र विकास गरी देश विकासमा दलित वर्गको सक्रिय सहभागिता गराउने उद्देश्यले राष्ट्रिय दलित आयोगको स्थापना गरेकोछ ।

ख) राष्ट्रिय दलित आयोग (यस पछि आयोग भनिएको) मा दलित वर्गको हक हितको संरक्षण र सम्बर्द्धनका साथै दलितहरुको विकास र उत्थान योगदान पु¥याएका व्यक्तिहरु मध्येबाट प्रत्येक विकास क्षेत्रबाट कम्तीमा एक एक जना पर्ने गरी नेपाल सकारले तोके बमोजिमका अध्यक्ष, सदस्यहरु र सदस्य सचिवसहित बढीमा ११ जना पदाधिकारीहरु रहनेछन् ।

ग) आयोगका पदाधिकारीहरुको पदावधी २ वर्षको हुनेछ ।

२. आयोगको बैठक र कार्यप्रणाली :
आयोगको बैठक र कार्यप्रणाली आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

३. **आयोगको काम, कर्तव्य र अधिकार :**
आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) दलित वर्गको हक हित र अधिकारको निर्वाध उपभोग गर्न पाउने वातावरण सिर्जना गर्न आवश्यक पर्ने कार्यहरु गर्ने,

ख) उल्लिखित कार्य गर्न आवश्यक पर्ने प्रचलित कानून र नेपाल सरकारको नीति नियममा समायानुकूल संशोधन गर्न सिफारिश गर्ने,

ग) नेपाल पक्ष भएका जातिभेद विरुद्धका तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुको कार्यान्वयनको लागि आवश्यक पर्ने रणनीति र कार्यनीति तर्जुमा गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि सिफारिश गर्ने,

घ) दलित वर्गको उत्थान र विकास कार्यमा संलग्न गैरसरकारी संस्थाको काम कारवाहीको समन्वय र अनुगमन गर्ने,

ङ) दलित वर्गको उत्थान र विकासको लागि सामाजिक भेदभाव, छुवाछुत र परम्परागत संस्कारलाई हटाउन सामाजिक जागरणका कार्यक्रमहरु बनाई गैरसरकारी संस्था मार्फत् कार्यान्वयन गराउने,

च) दलित वर्गप्रति समाजमा कुनै भेदभावपूर्ण एवं गैर कानूनी कार्य भएमा राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकार प्रबर्द्धन केन्द्र, स्थानीय प्रशासन र स्थानीय निकायहरुसँग समेत समन्वय गरी सोको उजुरी सुनी प्रचलित कानून बमोजिम गर्ने, गराउने,

छ) दलित अपांग बालबालिकाहरु तथा दलित महिलाहरुको हक, हितको संरक्षण र विकासमा मूलप्रवाहीकरणको लागि विशेष व्यवस्था गर्ने,

ज) राष्ट्रिय मानवअधिकार कार्ययोजना २०६१ लाई समेत मध्यनजर गरी दलित वर्गको उत्थान तथा सशक्तीकरणको लागि विभिन्न निकायबाट सञ्चालन भएका कार्यक्रमहरुको अभिलेख तयार गरी अनुगमन तथा समन्वय गर्ने,

झ) राष्ट्रिय दलित आयोगसम्बन्धी उपयुक्त कानूनी व्यवस्था गर्न आवश्यक विधेयक मस्यौदा गर्ने र

ञ) दलित समुदायको पहिचान र एकीन गरी प्रकाशन गर्नका लागि स्थानीय विकास मन्त्रालयमा सिफारिश गर्ने ।

४. आयोगको कार्यालय :

क) आयोगको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

ख) आयोगको दैनिक प्रशासन सञ्चालन सदस्य-सचिवको प्रत्यक्ष निर्देशनमा रही नेपाल सरकारले खटाएको अधिकृतले गर्नेछ ।

५. अध्यक्ष, सदस्य तथा सदस्य-सचिवको सेवा तथा सुविधा :

अध्यक्ष, सदस्य तथा सदस्य-सचिवको सेवा तथा सुविधा :

क) अध्यक्ष तथा सदस्य-सचिवको सेवा पूर्णकालीन हुनेछ ।

ख) आयोगका सदस्यले आयोगको बैठकमा भाग लिने र आयोगले तोके बमोजिमका अन्य काम गर्नेछन् ।

६. मासिक भत्ता तथा अन्य सुविधा :

आयोगको अध्यक्ष, सदस्य-सचिव र सदस्यले निम्न बमोजिम मासिक भत्ता र सुविधा पाउने छन् यस्तो सुविधा आयोगमा बहाल रहेको मिति देखि नै लागू हुनेछ ।

क) मासिक भत्ता :

अध्यक्ष, सदस्य-सचिव र सदस्यलाई मासिक भत्ताका रुपमा क्रमशः रु.१६,०००।-, रु. १४,०००।- रु. १०,०००।- उपलब्ध गराइनेछ ।

ख) बैठक भत्ता :

अध्यक्ष, सदस्य र सदस्य-सचिवले आयोगको बैठक बसेको दिनमा बैठकमा उपस्थित भएमा रु.५००।- (पाँचसय रुपैंया) बैठक भत्ता प्राप्त गर्नेछन् । यस्तो भत्ता एक आर्थिक वर्षमा बढीमा २५ वटा बैठकसम्मको मात्र उपलब्ध हुनेछ ।

ग) दैनिक भ्रमण भत्ता :

आयोगको काममा नेपाल अधिराज्यभित्र भ्रमण गर्ने अध्यक्ष, सदस्य र सदस्य-सचिवलाई निम्न बमोजिमको दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

१. दैनिक भत्ता :

अध्यक्ष, सदस्य तथा सदस्य-सचिवलाई रु.२००।- का दरले दैनिक भत्ता दिइनेछ । यसका अतिरिक्त बास बस्नु पर्ने अवस्थामा बढीमा सात दिन सम्मको बास खर्च वापत प्रतिदिन रु.२५०।- उपलब्ध गराइनेछ ।

२. भ्रमण भत्ता :

क) काठमाडौं उपत्यका बाहिर सरकारी मोटरबाट भ्रमण गर्नु परेमा लगबुक अनुसार बील बमोजिमको इन्धन खर्च र स्थानीय रुपमा अन्य भाडाका साधन प्रयोग गरेमा दैनिक रु.३००।- मा नबढ्ने गरी भाडा खर्च मात्र ।

ख) हवाइजहाजबाट भ्रमण गर्नु परेमा लागेको टिकट खर्च र विमानस्थल शुल्क ।

ग) रेलबाट भ्रमण गर्नु परेमा प्रथम श्रेणीको टिकट वापतको खर्च ।

घ) नेपाल सरकारको स्वीकृतिले आयोगको काममा आयोगको तर्फबाट विभिन्न समारोह, सम्मेलन, सभा, गोष्ठी इत्यादिमा भाग दिन नेपाल अधिराज्यबाहिर भ्रमण गर्ने अध्यक्ष, सदस्य तथा सदस्य-सचिवलाई नेपाल सरकारले तोके बमोजिमको दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

ङ) अध्यक्ष, सदस्य तथा सदस्य-सचिव विदेशी राष्ट्र वा संस्थाको औपचारिक निम्तोमा सोही राष्ट्र वा संस्थाले खर्च बेहोर्ने गरी नेपाल सरकारको स्वीकृतिबाट भ्रमण गरेकोमा विदेशमा रहुञ्जेल नेपाल सरकारले तोके बमोजिम पकेट खर्चको भत्ता दिइनेछ ।

घ) सवारी तथा इन्धन सुविधा :

१. आयोगको लागि आयोगका अध्यक्ष तथा सदस्य-सचिवलाई ड्राइभर सहितको मोटर (एक/एक उपलब्ध भएसम्म) उपलब्ध गराइनेछ ।

२. अध्यक्ष तथा सदस्य-सचिवलाई क्रमशः मासिक १०० र ८० लिटर पेट्रोल/डिजेल (गाडीको आधारमा) र त्रैमासिक रुपमा ५ लिटर मोवील उपलब्ध हुनेछ । उक्त सवारी साधनहरुको मर्मत सम्भार तथा ग्रीजको व्यवस्था आयोगबाट गरिनेछ ।

३. आफ्नो निजी सवारी साधन प्रयोग गर्ने अध्यक्ष तथा सदस्य-सचिवलाई माथि २ मा उल्लिखित सुविधा बराबरको रकम मासिक रुपमा एकमुष्ट उपलब्ध हुनेछ ।

४. आयोगबाट उपलब्ध उपर्युक्त सवारी साधनको सुविधा प्रयोग नगर्ने अथवा आयोगले उपर्युक्त बमोजिमको सवारी साधनको सुविधा उपलब्ध गराउन

नसक्दाको अवस्थामा, अध्यक्ष तथा सदस्य-सचिवलाई परिवहन सुविधा वापत मासिक रु. ६०००।- उपलब्ध गराइनेछ ।

५. अध्यक्ष तथा सदस्य-सचिवले पाई आएको सुविधा निजहरुको कार्यकाल समाप्त भएको मितिले ७ दिनसम्म उपलब्ध हुनेछ ।

ङ) टेलिफोन जडान तथा सुविधा :

१. आयोगको अध्यक्ष, सदस्य-सचिव र सदस्यलाई आफ्नो निवासमा एक लाईन टेलिफोन (जडान खर्च सहित) उपलब्ध गराइनेछ ।

२. आयोगका अध्यक्ष र सदस्य-सचिवलाई टेलिफोन सुविधा वापत आयोगले मासिक रु.१०००।- उपलब्ध गराउनेछ ।

७. कोष तथा आर्थिक कार्य प्रणाली :

क) आयोगको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

ख) आयोगको कोषमा देहाय बमोजिमका रकम रहने छन् :

१. नेपाल सरकारबाट प्राप्त रकम,

२. स्वदेशी, संघ, संस्था वा व्यक्तिबाट प्राप्त सहयोग, अनुदान वा उपहार,

३. कुनै विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम,

४. अन्य कुनै श्रोतबाट प्राप्त रकम,

ग) खण्ड (३) बमोजिमको रकम प्राप्त गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

घ) कोषको रकम नेपाल सरकारको स्वीकृति प्राप्त कुनै एक वाणिज्य बैंकमा खाता खोली राखिनेछ ।

ङ) कोषको सञ्चालन सदस्य-सचिवको प्रत्यक्ष निर्देशनमा नेपाल सरकारबाट खटाइएको अधिकृत कर्मचारी र लेखा प्रमुखको दस्तखतबाट गरिनेछ ।

च) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

छ) कोषको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

ज) नेपाल सरकारले कोषको आय-व्ययको लेखा, तत् सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत जाँच गर्न वा गराउन सक्नेछ ।

झ) अन्य आर्थिक कार्य प्रणाली प्रचलित कानुन बमोजिम हुनेछ ।

८. आयोगको अध्यक्षको काम, कर्तव्य र अधिकार :

क) आयोगको बैठकको अध्यक्षता गर्ने ।

ख) आयोगले गरेका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

ग) आयोगमा भएको सबै किसिमका काम कारवाहीहरु प्रति आयोग प्रमुखको रुपमा जिम्मेवार रहने ।

घ) आयोगले तोकेको अन्य काम गर्ने ।

९. आयोगका सदस्यहरुको काम, कर्तव्य र अधिकार :

क) आयोगको बैठकमा उपस्थित हुने ।

ख) आयोगको उद्देश्य अनुसार भएका कार्यक्रमहरु कार्यान्वयनका लागि अध्यक्षको निर्देशनको परिधिभित्र रही कार्य गर्ने ।

ग) आयोगले तोकेको अन्य काम गर्ने ।

१०. आयोगका सदस्य-सचिवको काम, कर्तव्य र अधिकार :

क) अध्यक्षको निर्देशनमा आयोगको दैनिक कार्य सञ्चालन गर्ने ।

ख) अध्यक्षको निर्देशन अनुसार आयोगको बैठक बोलाउने ।

ग) आयोगको निर्णय प्रमाणित गर्ने र सम्बन्धित निकाय वा पदाधिकारी समक्ष पठाउने ।

घ) आयोगको अल्पकालीन र दीर्घकालीन कार्यक्रम तर्जुमा गरी आयोगको बैठकमा पेश गर्ने ।

ङ) आयोगले तोकेको अन्य काम गर्ने ।

११. आयोगको कर्मचारी दरवन्दि सम्बन्धी व्यवस्था :

क) आयोगको दैनिक कार्य सञ्चालनको लागि निम्न बमोजिमका दरबन्दी स्वीकृत गर्ने र त्यसरी स्वीकृत दरबन्दीमध्ये उप-सचिव र लेखापाल स्थानीय विकास मन्त्रालयले उपलब्ध गराउने । अन्य कर्मचारीको हकमा आयोगले प्रचलित कानुनको प्रक्रिया पूरा गरी स्वीकृत अनुदानबाट तलब भत्ता खुवाउने गरी नियुक्ति गर्ने ।

| | |
|---|---|
| १. उप-सचिव, रा.प.द्वितीय (प्र) | १ |
| २. शाखा अधिकृत, रा.प. तृतीय (प्र/प्रा) | ३ |
| ३. कानून अधिकृत | १ |
| ४. महिला विकास अधिकृत | १ |
| ५. ना.सु., रा.प. अनंकित प्रथम (अध्यक्ष,सदस्य-सचिवको पिए र लाइब्रेरियन समेत) | ८ |
| ६. लेखापाल, रा.प. अनंकित प्रथम | १ |
| ७. कम्प्युटर अपरेटर, प्रा.ना.सु., रा.प. अनंकित प्रथम | १ |
| ८. खरिदार, रा.प. अनंकित द्वितीय (प्र) | १ |
| ९. हलुका सवारी चालक | ३ |
| १०. पियन/गार्ड | ६ |
| **जम्मा** | २६ |

ख) आयोगले नेपाल सरकारबाट प्राप्त हुने बजेट बाहेक अन्य श्रोतबाट प्राप्त हुने बजेटबाट सञ्चालन हुने कार्यक्रमको हकमा कार्यक्रम अवधिभरका लागि आवश्यक जनशक्ति व्यवस्था गर्न सक्नेछ ।

१२. आयोगको कामको प्रतिवेदन र नेपाल सरकारसँग सम्पर्क :

क) आयोगले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

ख) आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा स्थानीय विकास मन्त्रालय मार्फत् राख्नु पर्नेछ ।

१३. अधिकार प्रत्यायोजन :

आयोगले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समिति, उप-समिति, कार्यदल, अध्यक्ष, सदस्य र सदस्य-सचिव वा आयोगका अधिकृतस्तरका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१४. बचाऊ :

राष्ट्रिय दलित आयोगद्वारा साविकमा गरिएका काम कारवाहीहरु यसै आयोगद्वारा भए/गरेको मानिनेछ ।